मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २५ ◆ अङ्क : १९१ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ जेठ २७ गते मंगलवार (Tuesday, June 9. 2020) नेपाल सम्वत् ११४० Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

**सूचना**

कुरीति छ जतासुकै हिमाल,
पहाड, तराई आजैबाट रोकौं
सबै मिलि बाल विवाहलाई ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

# लकडाउनमा घटेका १५ अपराधिक गतिविधि

**बिर्तामोड, जेठ २६।** कोरोना भाइरसको संक्रमण बढेसंगै संक्रमितलाई सुरक्षित स्थानसम्म पुऱ्याउने तथा लकडाउन कार्यान्वयनमा अग्रभागमा देखिने प्रहरीले अन्य अपराधका घटनामा सम्लग्नलाई पनि पक्राउ गरिरहेको छ ।

प्रदेश १का १४ जिल्लामा लकडाउनको समयमा समेत हत्याका घटनामा कमी नआएको प्रहरीले जनाएको छ । लकडाउनकै अवधिमा इलामको देउमाई ६ शान्तिडाँडामा आफ्नै छोरीले बुवाको हत्या गरिन् । २५ वर्षीय सुस्मा राईले ५१ वर्षीय बुवा फूलबहादुरको गत जेठ ६ गते बञ्चरो प्रहरा गरी हत्या गरेको प्रहरीले जनाएको छ। उता उदयपुरमा श्रीमानले श्रीमतीको हत्या गरेका छन् । उदयपुरको रौतामाई गाउँपालिका-८का ५२ वर्षीय विष्णु तामाङले ३४ वर्षीया श्रीमती दिलमाया तामाङको हत्या गरेका हुन् । मजदुरी काम गर्दै आएका दुवै जनाबीच केही समयदेखि घरायशी समस्याका कारण विवाद हुने गरेको स्थानीयले बताएका छन् । विष्णुले दिलमायालाई खुर्पाले टाउको तथा संवेदनशील अंगमा प्रहार गर्दा उनको घटनास्थलमै मृत्यु भएको प्रदेश प्रहरी कार्यालय विराटनगरका वरिष्ठ प्रहरी उपरीक्षक सुमनकुमार तिम्सिनाले बताए ।

यता गत जेठ ४ गते सुनसरीको इटहरी-१२ घर भई विराटनगर-१० मधुमारामा डेरा गरी बस्दै आएका ३३ वर्षीय देवीप्रसाद दुलाललाई आफ्नै श्रीमतीले हत्या गरिन् । आफ्ना प्रेमीसंग मिलेर फार्मेसी सञ्चालक समेत रहेका दुलालको हत्या गरेको अनुसन्धानका क्रममा खुलेको प्रहरीले जनाएको छ । हत्यामा सम्लग्न विराटनगरका २१ वर्षीय व्रम्हदेव साह र सुनसरीका २० वर्षीय सोनु साहलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

त्यस्तै मोरङकै विराटनगर-१४ झडियामा ६९ वर्षीय सत्यराम भनिने सितारा चौहानलाई आफ्नै छोराले हत्या गरी घरभित्रै गाडेको अवस्थामा प्रहरीले शव फेला पारेको थियो । पैसाको निहुँमा वुवाको हत्या गरेको छोरा रोहित चौहान र नागेन्द्र चौहानले स्वीकार गरेको प्रहरीले जनाएको छ । वावुको हत्या गरी घर भित्रै खाल्डो खनेर गाडेपछि उनीहरुले लकडाउनको समयमा आफ्ना वुवा हराएको भन्दै प्रहरीमा उजुरी दर्ता गराएका थिए । घटना जेठ ३ गतेको हो ।

त्यस्तै सुनसरीको बराह क्षेत्रमा बस्तै आएका ३७ वर्षीय कमल राईको हत्या भएको अवस्थामा शव फेला परेको थियो । वराह क्षेत्र ३ इक्राही जमुना कित्तास्थि प्लटिङ जग्गामा शव फेला परेको वरिष्ट प्रहरी उपरीक्षक तिम्सिानाले बताए । उनको हत्यामा सम्लग्न वहार क्षेत्रका २२ वर्षीय गणेश लिम्बू र १९ वर्षीय प्रदीपराज धामीलाई पक्राउ गरेको थियो ।

त्यस्तै सुनसरीको इटहरीमा आफ्नै साथीले २७ वर्षीय रोदन राईको हत्या गरेका छन् । यूकेमा बस्तै आएका रोदन छुट्टीमा आएपछि साथीलाई बोलाएर मादक पदार्थ सेवन गरिरहेको अवस्थामा उनीहरुबीच विवाद भएको र घर जाने क्रममा रोदनलाई आफ्नै साथीले हत्या गरेको प्रहरीले जनाएको छ ।

हत्यामा सम्लग्न मोरङ कानेपोखरीका २० वर्षीय प्रज्ज्वल तामाङ, इटहरीका १९ वर्षीय अभिशेष केसी(गिरी) र सोही स्थानका २३ वर्षीय अभिशेक पौडेललाई पक्राउ गरिएको प्रहरीले जनाएको छ । हत्यामा संलग्न सबैलाई प्रहरीले पक्राउ गरी कानूनी कारवाही अगाडि बढाएको प्रदेश प्रहरी कार्यालय विराटनगरले जनाएको छ ।

उता तेह्रथुममा छोराले वुवाआमाको हत्या गरेका छन् । १३ थुमको फेदाप गाउँपालिका-५ इसिवुका २० वर्षीय कञ्चन लिम्बूले आफ्नै आमावुवाको हत्या गरेका हुन् । उनले ४२ वर्षीय रुपबहादुर लिम्बू र रुपेनी लिम्बूको बञ्चरो प्रहरा गरी हत्या गरेको प्रहरीले जनाएको छ ।

खोटाङमा आफ्नै सालाले भिनाजुको चिरपट प्रहार गरेर हत्या गरेका छन् । खोटाङको केपिलासगडीमा बस्तै आएका २७ वर्षीय मिलन राई र उनकै भाइ २० वर्षीय जीवन राईले ४७ वर्षीय भिनाजु प्रितिलाल राईको हत्या गरेको प्रहरीले जनाएको छ । त्यस्तै खोटाङ र धनकुट्टामा श्रीमानको हत्या गरेको आरोपमा दुई महिला पक्राउ परेका छन् । धनकुटाको छ थर जोरपार्टी ४ पानीट्याङ्कीकी ४२ वर्षीया धनमाया लिम्बूले श्रीमान् ४७ वर्षीय इन्द्रबहादुर लिम्बूलाई घरेलू हतियार प्रहरा गर्दै हत्या गरेकी थिइन् । उता खोटाङको १२ वोपरी-१की ५० वर्षीय मेनुका राईले श्रीमान कुमार राईलाई खुकुरी प्रहार गरी हत्या गरेको प्रहरीले जनाएको छ ।

यता मोरङमा नवजात शिशुको हत्यामा संम्लग्न भएको आरोपमा एक महिला पक्राउ परेकी टिछन् । अबैध सम्बन्धबाट गर्भ रहेपछि जन्मिएको नवजात शिशुलाई हत्या गरेर ट्वाइलेटमा फ्यालेको अवस्थामा ३८ वर्षीय महिलालाई पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

प्रहरीले लकडाउनकै समयमा जंगलमा शिकार गर्ने दुई जनालाई खोटाङ र सोलुखुम्वुवाट पक्राउ गरिएको जनाएको छ । लकडाउनको समयमा विभिन्न व्राण्डका स्टीकर टाँस गरी नक्कली मदिरा बेच्ने एक जनालाई विराटनगर ११ वसपार्क क्षेत्रबाट पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

पक्राउ पर्नेमा सोही ठाउँका श्रवण मुखिया रहेको मोरङ प्रहरीले जनाएको छ । उनले विभिन्न व्राण्डका वोतलमा नक्कली रक्सी मिसाएर बेच्ने गरेको गोप्य सूचनाका आधारमा पक्राउ गरिएको प्रहरीले जनाएको छ । यता लकडाउनकै समयमा झापा र खोटाङबाट गाई गोरु बाट्ने ११ जना पक्राउ गरेका छन् । झापाको दमक बेलडाँगी शिविरमा वस्तै आएका दुई जनालाई घरभित्रै गाई काटिरहेको अवस्थामा पक्राउ गरिएको थियो भने खोटाङको हलेसी मयाङ्फू र साकेलाबाट गोरु काटिरहेको अवस्थामा ९ जनालाई पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

लकडाउनको समयमा पूर्वका जिल्लामा भएका आपराधिक घटनामा संलग्नलाई धमाधम पक्राउ गरिएको प्रदेश प्रहरी कार्यालय विराटनरले जनाएको छ ।

## लकडाउनको मौका छोपेर धमाधम विद्यालयका भवन निर्माण

**बिर्तामोड, जेठ २६।** बाह्रदशी गाँउपालिकाले लकडाउनको अवधिमा पनि विकास निर्माणका कामलाई अघि बढाएको छ । शिक्षा क्षेत्रमा उल्लेख्य फड्को मारेको गाँउपालिकाले लकडाउनको अवधिमा विद्यालयका भौतिक निर्माणका कामलाई अघि बढाएको छ ।

गाँउपालिकाले शिक्षाको विकासका लागि छुट्याएको एक करोड र तराई मधेश समृद्ध कार्यक्रम र जिल्ला समन्व्य समितिको समेत आर्थिक सहयोगमा अहिले गाँउपालिकाका ८ वटा विद्यालयमा भवन निर्माणको काम धमाधम भइरहेको गाउँपालिका शिक्षा शाखा प्रमुख ज्ञानबहादुर पौडेलले बताए ।

पौडेलका अनुसार बाह्रदशी गाँउपालिका-१ स्थित भागुडुब्बा नजिकै अमृत माविको आठ कोठे भवन निर्माण भइरहेको छ । जिल्ला समन्व्य समिति र गाँउपालिकाको गरी एक करोड पाँच लाख रुपैंयाको लागतमा भवन निर्माणको काम भएको शिक्षा शाखा प्रमुख पौडेलको भनाइ छ । त्यस्तै तराई-मधेश समृद्ध कार्यक्रम अन्र्तगत पशुपति माविको भवन निर्माणको काम अघि बढेको विद्यालयका प्रधानाध्यापक थीरकुमार दाहालले जानकारी दिए ।

गाउँपालिकाले कटरडाँगी आधारभूत विद्यालय र भगवती आधारभूत विद्यालयमा वाससहितको शौचालय निर्माणका लागि ७-७ लाख रुपैंया बजेट विनियोजन गरेको र सोही बजेटले भौतिक निर्माणको काम भइरहेको बताइएको छ ।

त्यस्तै १७ लाख ३३ हजारका दरले अन्य चार वटा विद्यालयमा दुई कोठे भवन निर्माणको कार्यलाई अघि बढाएको शिक्षा शाखाले जनाएको छ । बाह्रदशी-३मा रहेको रामनगर आधारभूत विद्यालय, ५मा रहेको घोडामार, ४ को जनविकास र ६ नम्बरको पञ्चमणी माविमा भवन निर्माणको काम भइरहेको शिक्षा शाखा प्रमुख पौडेलको भनाई छ । गाउँपालिकाले कृषि शिक्षा र विकास निर्माणका कामलाई नीति तथा कार्यक्रममै प्रथमिताका राखेको गाउँपालिका अध्यक्ष खड्गप्रसाद राजवंशीले बताए ।

विद्यालय बन्द रहेको अवस्थामा विकास निर्माणका कामलाई तीब्रता दिएको बताइएको छ । गाउँपालिकाको नीति अनुसार सबै विद्यालयलाई प्रविधि मैत्री बनाउन पहल थालिएको गाँउपालिकाकी उपाध्यक्ष रत्नाकुमारी राजवंशीले जानकारी दिइन् । उनका अनुसार विकासको मेरुदण्ड नै शिक्षा भएकाले लकडाउनको समयमा द्रुत रुपमा भवन निर्माणको काम भइरहेको छ ।

## महिलाको उद्धार

**भद्रपुर, जेठ २६।** मेचीनगरका सडकमा दयनीय जीवन गुजार्दै आएका एक बालकसहित आठ महिलाको उद्धार गरिएको छ ।

प्रदेश नं. १ की सामाजिक विकास राज्यमन्त्री जसमाया गजमेरको पहल र मेचीनगर नगरपालिकाकी उपप्रमुख मीना उप्रेतीको सहयोगमा उनीहरुलाई आज विहान उद्धार गरिएको हो ।

सुरक्षित आश्रय प्रदान गर्न उद्धार गरेर विराटनगर पठाइएको उपप्रमुख उप्रेतीले जानकारी दिए । कोरोना सङ्क्रमणको जोखिम र लकडाउन जारी रहँदा सडकमा असुरक्षित बसोवास गर्ने भएको हुँदा उद्धार गरेका हौं- उनले भने- अब उनीहरुलाई सुरक्षित आश्रय स्थलमा राखेर उपचार गरिन्छ ।

विराटनगरमा मन्त्री गजमेरले उनीहरुको कोरोना परीक्षण गरेरमात्र मानव सेवा आश्रममा लैजाने व्यवस्था गरेको उनको भनाइ छ । एक महिनाअघि मात्र झापाको बिर्तामोड र मेचीनगरबाटै नौजना सडक महिलाको उद्धार गरेर आश्रममा लगिएको थियो ।

## काँकरभिट्टामा भारतदेखि आउने नेपालीको कोरोना परीक्षण

**झापा, जेठ २६।** पूर्वी नाका काँकरभिट्टामा आइतबारबाट भारतदेखि आउने नेपाली नागरिकहरुको कोरोना परीक्षण शुरु गरिएको छ ।

भारतमा अलपत्र परेका नेपाली धमाधम नेपाल प्रवेश गर्न थालेपछि नेपाली सेना लगायतको संयुक्त टोलीले भारतबाट आउने नेपालीको कोरोना जाँच सुरु गरेको हो । मेचीनगर-६स्थित काँकरभिट्टा माविको मैदानमा निर्माण गरिएको अस्थायी क्याम्पबाट नेपाली सेना, स्वास्थ्यकर्मी लगायतको टोलीले उनीहरुको थर्मल गर्नमार्फत ज्वरो मापन र आरडीटी परिक्षण शुरु गरेको हो ।

क्याम्पमा भारतबाट मेचीपुलसम्म आएका नेपाली नागरिकहरुको सहजीकरण, आवश्यक स्वास्थ्य परीक्षण साथै आरडीटी टेष्ट गर्ने गरिएको नेपाली नागरिक स्वदेश आगमन सहजीकरण समितिका संयोजक जनक कोइरालाले बताए ।

झापामा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वको 'जिल्ला कोभिड संकट व्यवस्थापन समिति'को बिहीबार सम्पन्न बैठकले सीमावर्ती पूर्वी नाकामा सेनाको अस्थायी क्याम्प राख्ने निर्णय गरेको थियो । जिल्लाकै सबैभन्दा बढी कोरोना संक्रमित देखिएको कचनकवलमा क्वारेन्टाइनको व्यवस्थापनका लागि सेनाले काम गरिरहेको छ ।

हाल काँकरभिट्टास्थित क्याम्पमा भारतबाट आउने नेपालीको आवश्यक स्वास्थ्य जाँच गरि सम्बन्धित पालिकाहरुमा पठाइँदैछ । जिल्ला बाहिरकालाई भने



सम्बन्धित जिल्ला पठाइने बताइएको छ ।

यसैबीच कोरोना संक्रमण भएरनभएको परीक्षण गर्न पिसिआर टेष्टका लागि झापाबाट नमूना संकलन गरी पठाएका झण्डै ६ सय जना क्वारिन्टिनमा बसेर रिर्पोट पर्खिरहेका छन् । भारतबाट स्वदेश प्रवेश गरेका उनीहरु झापाका विभिन्न क्वारिन्टिनमा रहेका ६ सय जना कोरोना भए/नभएको रिपोर्टको पर्खाइमा बसेका हुन् । झापाका स्थानीय तहमा निर्माण गरिएका क्वारेन्टिन र होल्डिङ सेन्टरमा रहेका उनीहरुको कोरोना संक्रमण जाँचका लागि पठाइएका लगभग ६ सयजनाको रिपोर्ट आउन बाँकी रहेको स्वास्थ्य कार्यालय झापाका अधिकृत जीवन चौलागाँईले जानकारी दिए ।

प्रदेश प्रयोगशाला विराटनगर, कोशी अस्पताल र वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा नमूना स्वाब संकलन गरी परीक्षणका लागि पठाउने गरिएको छ ।

## जस्तापाता वितरण

**विराटनगर, जेठ २६ ।** मोरङका प्रदेशसभा सदस्य चुमनारायण तवदारले आफ्ना निर्वाचन क्षेत्रमा फुसको छाना हटाउने अभियानको शुरुवात गरे ।

अतिविपन्न, गरीब, असहाय, दलित तथा पिछडावर्गलाई लक्षित गरी सञ्चालनमा गरिएको सो अभियानमा बूढीगङ्गा गाउँपालिकामा ५६ परिवारलाई जस्तापाता वितरण गरिएको छ ।

एक वडामा आठ परिवारलाई वितरण गरिने सो कार्यक्रम अन्तर्गत सो गाउँपालिकामा एक वडादेखि सात वडासम्मका ५६ परिवारलाई जस्तापाता वितरण गरेको उनले जानकारी दिए । सो अभियान अन्तर्गत उनले गएको वर्षमा आफ्ना निर्वाचन क्षेत्रमा ८२ परिवारलाई जस्तापाता वितरण गरेका थिए ।

वडा नं. १ निवासी रामपाल ऋषिदेवले घरको छानाका लागि सांसदबाट प्राप्त सहयोगले सुविधा भएको र यसबाट हामी आफ्ना बालबालिकालाई घाम, पानीबाट बचाउन मद्दत मिलेको जानकारी दिए । सोही वडाका शिवचन्द्र ऋषिदेव, ध्रुव परियार, शिवचन्द्र राजवंशी र पार्वती विकले पनि हिजोसम्म हाम्रा घरमा खरको छाना थियो तर सांसद तबदारले गरेको सहयोगबाट छाना परिवर्तन भएको छ र हाम्रा घरपरिवार खुशी छाएको प्रतिक्रिया दिए ।

गरीब तथा रोजगार नपाएका महिलालाई स्वरोजगार गर्न सिलाइ मेसिन पनि वितरण गरिएको छ । सो गाउँपालिकाकै एक वडादेखि सात वडासम्म २१ थान सिलाइ मेसिन वितरण गरिसकेको र यो अभियानअन्तर्गत थप महिलालाई सिलाई मेसिन वितरण गर्ने योजना बनाइरहेको सदस्य उनले जानकारी दिए । सिलाइ मेसिन वितरण गर्नुभन्दा पहिले लक्षित महिलालाई तालिम दिइएको र अब मेसिन प्राप्त गरिसकेपछि जीवनमा परिवर्तन आउने विश्वास लिइएको छ ।

सो गाउँपालिकालाई उज्यालो बनाउने अभियानलाई पनि तीव्रता दिएको छ । सांसद तबदारले सो अभियान अन्तर्गत गत वर्ष रु २५ लाख सडकबत्तीमा खर्च गरेको र यसवर्ष रु. ५० लाख सडकबत्तीमा खर्च गरिरहेकाले केही दिनमै यो गाउँपालिका उज्यालो गाउँपालिका परिणत हुने बताए ।

## कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आव्हान गरिएको सूचना

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवम् नियन्त्रणका लागि देहायको बैंकमा **'कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष'** खाता खोलिएको हुँदा इच्छुक व्यक्ति तथा संघ-संस्थाहरुले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिनुहुन आव्हान गरिएको व्यवहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

**बैंकको नामः** राष्ट्रिय बाणिज्य बैंक
**शाखाः** सिंहदरबार परिसर
**खाताको नामः** कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष
**खाता नं. १९६००००११०१**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

पूर्वाञ्चलकै सबैभन्दा ठूलो डिपार्टमेन्ट स्टोर

**गोरखा डिपार्टमेन्ट स्टोर**

हाम्रा विशेषताहरू :
- अण्डरग्राउण्ड फ्लोरमा : ताजा तरकारी तथा फलफूल
- ग्राउण्ड फ्लोरमा : खाद्यान्न तथा पेय पदार्थ
- पहिलो तलामा : कस्मेटिक्स, किचन वेयर, स्टेशनरी
- दोस्रो तलामा : इलेक्ट्रोनिक्स सामानहरु
- तेस्रो तलामा : जुत्ता-चप्पल, छाता ब्ल्याङ्केट, गलैंचा
- चौथो तलामा : सटिङ, सुटिङ लगायतका लेडिज तथा जेन्ट्स आइटम
- पाँचौं तलामा : बेबी आइटम
- छैठौं तलामा : गोरखा किचेन

**गोरखा डिपार्टमेन्ट स्टोर**
धरानरोड, इटहरी, सुनसरी फोन नं. ०२५-५८३२५४

नेपालीहरुको लागि भरपर्दो सेवा

**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर**



ROYAL ENFIELD को आधिकारिक बिक्रेता (डिलर) भएकाले ROYAL ENFIELD को सम्पूर्ण पार्ट्सहरुमा १०% छुट गरिएको छ ।

सातौं बर्षमा प्रवेश गरेको सुखद् उपलक्ष्यमा अटो तीन चक्के टेम्पोको सम्पूर्ण पार्ट्सहरु उपलब्ध गराउँदै इञ्जिनसहितको सम्पूर्ण मर्मत सेवा सुचारु गरिएको छ ।

यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटर र टेम्पोको सम्पूर्ण पार्ट्स पाउनुका साथै इञ्जिन मर्मत पनि गरिन्छ ।

निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर
पानीटंकीको पहिलो गल्ली दायाँ साइड

"इन्द्रै विन्ती गरुन् झुकेर पदमा त्यो विन्तीमान्दैन त्यो
आयो टप्प टिप्यो, लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो"

# श्रद्धाञ्जलि/कृतज्ञता/निमन्त्रणा



**जन्म**
**१९९२ असार १५**





**निधन**
**२०७७ जेठ १५**

## स्व. कृष्णप्रसाद प्रसाईं

हाम्रा प्रातः स्मरणीय पति/पिता तथा परिवारका धरोहर, अग्रज अभिभावक **कृष्णप्रसाद प्रसाईं**को यही मिति २०७७ जेठ १५ गते विहीवारका दिन भएको असामयिक निधनले हामीलाई अत्यन्त मर्माहत एवम् स्तब्ध बनाएको छ। दुःखको यस क्षणमा बैकुण्ठवासी आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछौं। पीडाको यस दुःखदायी क्षणमा हामीप्रति सहानुभूति समवेदना प्रकट गर्नु हुने सम्पूर्ण आफन्तजन, इष्टमित्र, बन्धुबान्धव, संघ–संस्था, शुभेच्छुक, शुभचिन्तक, छरछिमेक, मलामीजनहरुमा हार्दिक धन्यवादसहित कृतज्ञता व्यक्त गर्दछौं। साथै यही मिति २०७७ जेठ २७ गते मंगलवार (आज) गरिने १३औं दिनको शुद्धिशान्ति कार्यमा उपस्थित भइ पितृप्रसाद ग्रहण गरिदिनुहुन सम्पूर्णमा हार्दिक निमन्त्रणा गर्दछौं।

**श्रीमती: कौशिलादेवी विमली प्रसाईं/ गंगादेवी सिटौला प्रसाईं**

**छोरा/बुहारी**
**लक्ष्मीप्रसाद-शोभा प्रसाईं**
**राकेश-उषा प्रसाईं**
**दुर्गाप्रसाद-उमा प्रसाईं**
**स्व. भीमप्रसाद- मञ्जु प्रसाईं**
**युवराज-सीता प्रसाईं**
**नागेन्द्र-अञ्जु प्रसाईं/ कनावचिया प्रसाईं**

**छोरी/ज्वाई**
**रमिता-तेजप्रसाद कडरिया**
**पुनम-दिनेश पन्त**
**सीता-बाबुराम कुवर**

**एवम् समस्त प्रसाईं परिवार, बिर्तामोड, झापा**

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित – कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी ■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा ■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

## सम्पादकीय

### जनस्तरबाटै केही हुनसक्छ

कोरोना रोकथाम तथा नियन्त्रणमा सरकार असफल जस्तै भएको छ । यत्रो लामो लकडाउनले पनि रोकथाम गर्न नसकेको कोरोना भाइरसको संक्रमण यति तीव्र बनिन थालेको छ कि अब संक्रमित कति थपिएछन् भन्ने चासो पनि हुन छाडेको बजार र सडकमा बढेको चहलपहलले देखाउन थालेको छ । प्रारम्भको दिन अर्थात बैशाखसम्म अति सुस्त रहेको यसको गति सीमा नाका खुल्ला भएसँगै तीव्र र व्यापक भएको छ । कोरोनाबिरूद्धको लडाईंका लागि सरकारले बनाएको मापदण्ड क्रमशः उल्लंघन गर्दै जाँदा अब यसको भयावहता कल्पनाभन्दा धेरै डरलाग्दो हुन थालेको छ । त्यसकै उदाहरण भएको छ, परीक्षण बिनै मर्नु पर्ने मानिसको नियति र संक्रमित थपिने दर ।

भारतबाट आउने क्रममा भएको असाबधानीले संक्रमण नियन्त्रण गर्न नसकिने अवस्थामा पुगेको हो । स्वदेश फिर्नेहरूकै कारण देशका सत्तरी जिल्लामा कोरोना संक्रमण देखिइसकेको छ । भारत संक्रमणको उच्च दरमा पुग्नु, त्यहाँ कार्यरत् नेपाली घर फिर्ता हुनु र नेपाल प्रवेश गर्दा परीक्षण तथा मापदण्डको पालना नगरिनुले हामी सबै नै संक्रमणको उच्च जोखिममा परिसकेका छौं । जनताप्रतिको जिम्मेवारीप्रति सरकार उदासीन देखिएको कारण आमजनता रोग र भोकको दोहोरो पीडा खप्न बाध्य छन् । अहिलेको संक्रमण र मृत्यु दर उत्कर्षमा नपुगुञ्जेल थामिने देखिँदैन । अब न आगमन व्यवस्थित गर्न सकिन्छ न त रोक्न नै । यस्तोमा प्रकृतितर्फ फर्किनुको बिकल्प हुँदैन ।

विश्वकै आपतकालीन समय हो यो । यस्तो बेला सरकारको सम्पूर्ण ध्यान, क्रियाशीलता र योजना अरू देशहरूसरह आपतकालीन रोकथाम, नियन्त्रण, उपचार र उन्मुक्तितर्फ हुनु पर्ने हो । तर सरकारको प्राथमिकता एमसीसी, सत्ता र त्यसले उत्पन्न गरेको विवादमा परेको छ । सत्तारुढ दल नै आन्तरिक द्वन्द्वमा रूमलिएकाले जनताको जिउधनको सुरक्षा सरकारको दायित्वभित्र नपरेको परिस्थितिले देखिएको छ । लकडाउन उपचार होइन, यो केवल रोकथामको उपाय हो । यद्यपि रोकथाम उपचारभन्दा श्रेष्ठ हो तर अब कुनै शक्तिले पनि संक्रमण नरोकिने भएको छ । हामीसँग भएको जनशक्ति, स्वास्थ्य सेवा प्रदायक संस्था, चिकित्सक एवम् स्वास्थ्यकर्मी लगायत महामारीबिरूद्धको युद्धमा चाहिने बन्दोबस्तीका सामान र पूर्वाधारको अभाव भइसकेको छ ।

भारतसँग सीमा जोडिएको झापामा कोरोना संक्रमण फैलिँदै गएको छ । संक्रमितहरूको संख्या दिनहुँ थपिने क्रममा रहेपछि यसको नियन्त्रणका लागि सहयोगी हातहरू अग्रसर भएका छन् । 'एकका लागि एक' अभियान,मेची अभियानसँगै अन्तर्राष्ट्रिय झापाली समाजले झापाका सबै पालिकाहरूलाई कोरोना परीक्षण तथा स्वास्थ्य सेवासाग सम्बन्धित सामग्री हस्तान्तरण गरेका छन् । मेची अभियान र एकका लागि एक अभियानले कोरोना संक्रमणको शुरूदेखिनै सेवामूलक काम गर्दै आएका थिए । यसैक्रममा 'एकका लागि एक' अभियानले झापामा प्रतिदिन बढ्दै गएको संक्रमणलाई दृष्टिगत गर्दै एक करोड २५ लाख रूपैयाँको लागतमा पीसीआर परीक्षण गर्ने ल्याब स्थापनाको अभियान शुरु गरेको छ । बिभिन्न संघ–संस्थाको सहयोगमा स्थापना गरिने ल्याबको सञ्चालनले पूर्वी नेपालका बासिन्दासँगै सरकारलाई सहयोग पुग्नेछ । संक्रमण अझै टरेको छैन यसबेला आफू आफूले बोध गर्न जरूरी छ । परीक्षण नगरिएकाले म आफौ संक्रमित छु भन्ने ठान्नु पर्छ । त्यही अनुसार दूरी कायम गर्ने, घरमै बस्ने र आवश्यक साबधानी अपनाउनाले नोक्सान होइन अमूल्य जीवनको रक्षा हुन्छ भन्ने नबिसौं । यसमै मात्र हामी सबैको कल्याण छ ।

# नेपाली समाजमा ब्राम्हमणवाद कहानी कि वास्तविकता ?



उदय मैनाली



आजको २१ औं शताब्दि र आधुनिकताको चरम उत्कर्षताको समयमा नेपाली समाज जातीय व्यवस्थाले निम्त्याएको सामाजिक विभेदबाट प्रताडित छ । जातीय विभेदको पछिल्लो भयानक दृष्टान्त गत जेठ १० गते रुकुम पश्चिमको सोती काण्डले दलित र गैरदलित दुवै समुदायको दिमागी अवस्थामा अत्यासलाग्दो तरंगको सृजना गरेको छ । यो घटनाले नेपालमा जातीय शीतयुद्ध नै ल्याएको छ । जसको कारण आमरुपमा भनिएको माथिल्लो जात ब्राम्हण वा बाहुन समुदायले समेत अनेकन अपजस र गालीको सामना गर्नु परेको छ । नेपाली समाजमा बाहुनवाद वा ब्राम्हणबादको विषयमा विविध ऐतिहासिक आलेख र अन्य इतिहासका प्रमाणहरु हेर्दै यो लेखको सम्पूर्णता खोजिएको छ ।

लगातारको २५ बर्षसम्मको लडाईंपछि पृथ्वी नारायण शाहले उपत्यकाका ३ वटै मल्ल राज्यमा बिजय हासिल गरे लगत्तै गोरखाबाट काठमाडौं आफ्नो राजधानी बनाए । उनले एकीकरण अभियानमा साथ दिने नातेदार, सेना, पुजारी र सिपाहीहरुलाई पनि काठमाडौं सरुवा गरे । जसलाई इतिहासकार महेश सि. रेग्मीले नेपालमा राजनीतिक र आर्थिक शक्तिको बदलावको रुपमा व्याख्या गरेका छन् । तीमध्ये केही थर घर प्रचलित छन् अर्याल, पाण्डे, खनाल, पन्त आदि । गोरखाली दरबारमा सर्वश्रेष्ठ मानिएका यी पहाडी ब्राम्हणहरुलाई पुरस्कार स्वरुप काठमाडौंमा बसोबास गर्न घर जग्गा, जागीर र अन्य सेवामा स्थापित गराइएको थियो । र, यसरी स्थापित भए पर्वते बाहुन वा पहाडी ब्राम्हणहरु ।

संस्कृत शब्द ब्राम्हणको अनेकन अर्थहरु हुन्छन् । अलौकिक शक्ति, विश्व आत्मा, वैदिक पाठ, भगवान ब्रम्हा वा हिन्दू समाजमा पुजारी । हिन्दू शाष्त्र मनुस्मृतिमा उल्लेख भए बमोजिम ब्राम्हणका मूख्य कार्यहरु अध्ययन गर्ने र गराउने, त्याग, योग र बलिदान गर्ने, गराउने, दान ग्रहण गर्ने, वैदिक मन्त्रउच्चारण गर्ने, गराउने र शास्त्रार्थको सार सुनाउने हो । यद्यपि मनुले ब्राम्हणको केन्द्रीय राजनीतिक वा वैचारिक कार्यलाई बिर्सिएर एउटा राजनीतिक शक्तिलाई वैधानिक बनाएको हो कि भन्ने पनि एकथरिको विश्लेषण छ ।

नेपाली समाजको ब्राम्हणको रुपमा देखिएका थर गोत्रहरुले मनुले भनेको जस्तो सम्पूर्ण कार्यहरुमा आफ्नो जीवन बिताएको हो भनेर भन्न सकिने स्पष्ट प्रमाण नभेटिएकाले गर्दा यी गोत्र र थरहरुलाई आर्यवर्तको मध्यकालमा नेपालका असभ्य पहाडका गोठहरुमा बसाइएको हो भन्न सकिँदैन । तसर्थ यिनीहरुबाट कलियुगको उच्च अपरान्हको चिसो हिमालयमा ती मनुका नियमहरु पालन गरेको आशा गर्नु मुर्खता शिवाय केही हुन्न जस्तो लाग्छ । जसको प्रत्यक्ष प्रमाण केही गोत्र र वंशहरुले मात्र आफ्नो प्रमाणित वंशावली निर्माण गरेका छन् तर ती पनि दश, विस पुस्ता भन्दा अगाडिका छैनन् ।

यसरी हेर्दा बाहुन भनेर चिनिएका र जजमानहरु दुवैले खस भाषा बोलिएको पाइन्छ जुन अहिलको नेपाली भाषा हो । र, यो खस भाषालाई मनु स्मृतिको १०:२२मा पवित्र संस्कार त्यागेका र आफ्नो जाति गुमाएका भनेर उल्लेख गरेका छन् । यसरी उपत्यका छिरेका बाहुनहरुद्वारा गोरखाली सेनामा मात्र हैन प्रशासन संयन्त्रमा पनि नेवारहरुलाई भर्ती गरेनन् बरु उल्टै नेवार इष्ट र बाबु दुष्ट कहिलै हुँदैनन् भन्दै घृणाको व्यापार गरे । र, पछि १८६० वि.सं. बाट मात्रै केही नेवारहरुलाई प्रशासन संयन्त्रमा भर्ना गरे किनकि गोरखाली सरदारहरुले उपत्यकाको भूमि प्रशासन बुझेका थिएनन् । जंगबहादुर राणाको उदयसँगै उनले न्यायिक, सामाजिक र प्रशासनिक क्षेत्रको संस्थागत पुनर्गठन गरे ।

मुलुकी ऐन १९१० ले सामाजिक रुपमा हिन्दू जातिवादी कट्टरपन्थीलाई राज्यको बौद्धिक र निर्णायक स्थानमा पुऱ्यायो जुन समूहलाई बाहुन र ठकुरी क्षेत्रीका रुपमा चिनियो र उनीहरुलाई सामाजिक पदानुक्रममा शीर्ष स्थानमा राख्ने प्रयास गरियो । तर, नेवारी लगायतका अन्य ठूलो जातजातिको हिस्सालाई दासत्वमा परेको मतवालीको रुपमा छोडियो । तथापि जंगबहादुरको मुलुकी ऐनको त्यो व्यवस्था करिव ११० वर्षपछि वि.सं.२०२१ सालमा आधिकारिक रुपमा खारेज भयो । तर यसले बाहुनको धर्मनिरपेक्ष स्थितिलाई सुनिश्चत गरी सामाजिक पिरामिडको शिर्ष स्थानमा राख्यो ।

त्यस्तै राणा प्रशासनका कर्मचारीहरुमा खस ठकुरी, क्षेत्री बाहुन र जंगबहादुरका ग्राहक परिवारबाट मात्र आएका थिए । तर पनि जंगबहादुर राणाको शासनकालमा सात जना नेवारहरु भने प्रशासनमा कायमै थिए, जसलाई तिब्बती, उर्दु र अंग्रेजी भाषाहरुको ज्ञान थियो । उनीहरुको प्रशासनिक र व्यापारिक सिपको उपलब्धीका कारण धेरै सम्पत्ति समेत जोडेको हुनाले राणा भारदारहरुको भयानक षड्यन्त्रकाबीचमा पनि बाँच्न सक्षम भएको कुरा इतिहासविद्हरु बताउँछन् ।

राणा शासनको अदालती आचारसंहितामा एउटा उच्चतम् नमूना शहीद शुक्रराज शास्त्री जसलाई राणाहरुले वि.स. १९९७ ताका फाँसी दिएका थिए । उनका प्रतिष्ठित पिता माधवराज जोशीको जीवनीमा लेखिएको पुस्तक शहीदके कलम से वि.सं. २०१५मा प्रकाशितमा लेखिए अनुसार माधवराजले सच्चा हिन्दूत्व र मानव सेवा वेद, उपनिषद्मा मात्र पाइन्छ, कुनै पत्थरको मूर्ति पूजा गरेर धर्म हुँदैन भन्दा राणा दरबारका पण्डितहरुले क्रुरतापूर्वक कुटपिट गरेको कुरा गहनीय छ । त्यो समयका उनी जस्ता विद्धानले गरेको विद्रोहबाट पनि बाहुनवादको यथार्थ पुष्टि हुन्छ । किनकि भुवनलाल जोशी र लियो ई-रोजले भने झैं माधावराज ब्राम्हणवादी कट्टरपन्थीको विरुद्ध बोल्ने पहिलो विद्रोही थिए जसले सामाजिक र राजनीतिक जागरणको शुरुवात गरे फलस्वरुप वि.स. २००७ सालको क्रान्ति सफल भयो ।

यसरी हेर्दा बाहुन र नेवारबीचको सामाजिक र राजनीतिक प्रतिस्पर्धाको ऐतिहासिक जरा गहिरिएको छ किनकि यी दुई समुदायहरु राणाको संरक्षण, नागरिक सेवामा पहुँच र आधुनिक शिक्षा तथा विदेशी तालिम प्राप्त गरेका कुशल व्यक्ति थिए । जसलाई राणा शासन पतन भएको २८ वर्षपछि त्रिभुवन विश्वविद्यालयले गरेको सर्वेक्षणमा त्रि.वि.मा कूल भर्नाको ४५ प्रतिशत बाहुन, २० प्रतिशत क्षेत्री र १९ प्रतिशत नेवार रहेको विवरणले पुष्टि गर्छ ।

नेपालमा लोकतन्त्र आएपछि सामरिक भूमिका र समाजका विभिन्न कार्यहरुमा यी तीन समुदायको हालिमुहालीमा परिवर्तन आएको छ । यिनीहरुको पकड बिस्तारै कम हुँदै शिक्षाको ज्योतिसँगै समाज धेरै उज्यालो भएको छ । खासगरी सामाजिक आर्थिक रुपमा पिछडिएका समुदायहरुको जीवनशैलीमा व्यापक परिवर्तन आएको छ ।

अब ब्राम्हणवादविरुद्धका भर्खरका विद्रोहका कुरा गर्दा नेपाली कांग्रेसका सर्वोच्च नेता गणेशमान सिंहले बहुमतबाट निर्वाचित सरकारले गरेका राजनीतिक नियुक्तिहरुमा राखेका असन्तुष्टि जसलाई स्थानीय पत्रपत्रिकाले ब्राम्हणवाद विरुद्धको विद्रोह भनेर चर्चा समेत गरे । दुर्भाग्यवश यहाँ फेरी ब्राम्हणवाद शब्दको गलत प्रयोग भयो किनकि मैले माथि लेखे अनुसार ब्राम्हणवाद भनेको धार्मिक दृष्टिकोण हो । जसले वेद, उपनिषद्को विशेषता, त्याग र अनुष्ठानलाई महत्व दिन्छ । बाहुनहरुलाई कुटनैतिक सेवाको शीर्ष स्थानमा धकेल्नुसँग यसको केही सम्बन्ध रहँदैन ।

गणेशमान सिंह र डोरबहादुर विष्टको ब्राम्हणवाद अरुका लागि प्राणघातक छ भन्नु केही बिग्रिएका बाहुन र पश्चिमी शैलीको संस्कृति विकासका लागि गरिएको हाम्रो संस्कार संस्कृतिमाथिको ठाडो अपमान र प्रहार हो ।

तर गणेशमान सिंह, गजेन्द्रनारायण सिंह, पद्मरत्न तुलाधर, डोरबहादुर विष्ट, सुरेश आले, गोपाल गुरुङ, सिताराम तामाङहरुले व्यक्त गरेका भावनाहरुलाई संगठित राजनीतिक आन्दोलनको रुपमा रुपान्तरण गरियो भने नेपालको सामाजिक र साँस्कृतिक सद्भावमा प्रत्यक्ष असर पर्नेछ ।

निष्कर्षमा १७० डलर प्रतिव्यक्ति आम्दानी भएको मुलुकका जनतालाई राज्यले १६ वर्षमुनिका संष्कृत अध्ययन गर्ने विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्छ । महेन्द्र संष्कृत विश्वविद्यालयले ६९० विद्यार्थीका लागि वार्षिक ३२.१ मिलियन रकम खर्च गर्छ । संसदका पाँचवटा प्रमुख राजनीतिक दलका ७७ सांसदहरुले कक्षा १ देखि १० सम्म अनिवार्य संस्कृत शिक्षाको माग गरेका छन् । अचम्मको कुरा त यो प्रस्तावमा झलनाथ खनाल, राधाकृष्ण मैनाली, लिलामणी पोखरेल जस्ता मार्क्सवादी-लेनिनवादीहरुले हस्ताक्षर गरेको देखिन्छ । हाम्रो स्कूलका ३.३ लाख बालबालिकाहरुला ई-अनिवार्य संष्कृत पढाउनु पर्छ भन्ने राजनीतिक युक्तिभित्रको अन्तरनिहित विषयमा गहन चासो राख्नेले बुझ्नु पर्ने कुरा हामीले बोलेको भाषा पनि हाम्रो पहिलो भाषा होइन, अञ्जान मै नग्न बाहुनवाद र मध्यकालीन सामन्तवादको दबदबामा चलेको चलन हो ।

यसरी हेर्दा संष्कृत, ब्राम्हणवाद र पुर्वीय दर्शन आफैमा समस्या हैनन् केही गलत सोच भएका, कुञ्चित भावना भएका स्वार्थलोलुप प्राणीहरुको विध्वंशकारी दिवा स्वप्ना हो जसले पवित्रताको जगमा टेकेर सामाजिक र भावनात्मक एकता तोड्ने असफल प्रयत्न गर्दैछन् र यस्ता व्यक्तिहरुबाट हामी सजग रही अगाडि बढ्नुपर्छ ।

## 'न्यूजील्याण्ड कोरोनामुक्त देश भयो'

**वेलिङ्टन, जेठ २६।** न्यूजील्याण्डले कोरोनाभाइरससँग सम्बन्धित सबै घरेलु प्रतिबन्धहरु हटाएको घोषणा गरेको छ । कोविड-१९ बाट संक्रमित अन्तिम व्यक्ति पनि संक्रमणमुक्त भएसँगै न्यूजील्याण्डले यस्तो घोषणा गरेको हो ।

प्रधानमन्त्री जेसिन्डा आर्डन उक्त खबर सार्वजनिक भएसँगै घरभित्र खुशीले नाचेकी थिइन् । प्रधानमन्त्री आर्डनले अन्तर्राष्ट्रिय सीमामा जारी प्रतिबन्धहरु भने यथावत रहने बताए । उनले सामाजिक दूरी र सार्वजनिक स्थलमा हुने भेला, समारोहमा रहेका सीमितताहरु हटाइएको पनि घोषणा गरिन् ।

टेलिभिजनबाट प्रशारित एक सम्बोधनमा प्रधानमन्त्री आर्डनले भने- अहिलेका लागि न्यूजील्याण्डमा कोरोनाभाइरसको प्रसार पूर्णरुपमा रोकिएकामा हामी विश्वस्त छौं । भाइरसलाई नियन्त्रणमा ल्याउन जनताले देखाएको अभूतपूर्व एकताको म प्रशंसा गर्दछु ।

करिब ५० लाख जनसंख्या रहेको दक्षिणी प्रशान्त महासागरीय राष्ट्र न्यूजील्याण्डमा कोविड-१९ बाट एक हजार १५४ जना संक्रमित हुनुका साथै २२ जनाको ज्यान गएको थियो । पछिल्लो १७ दिनदेखि न्यूजील्याण्डमा कुनै नयाँ संक्रमण देखिएको छैन । पछिल्लो एक सातामा एक जनामा मात्र कोरोना संक्रमण देखिएको थियो ।

संक्रमित पछिल्लो व्यक्तिका बारेमा विस्तृत रुपमा जानकारी दिइएको छैन, तर स्रोतहरुले ती व्यक्ति अकल्याण्ड निवासी ५० वर्षीया महिला रहेको बताएका छन् ।

न्यूजील्याण्डले कोरोनाभाइरसको प्रसार रोक्न देशव्यापी रुपमा सात हप्तासम्म निकै कडा लकडाउन गरेको थियो । न्यूजील्याण्डमा अब सबैजसो खेलमा जति पनि दर्शक सहभागी हुन पाउने छन् । न्यूजील्याण्ड रग्बी संघले यसै साता सुपर रग्बी प्रतियोगिता संचालन गर्ने जनाएको छ ।

## दिल्लीका धार्मिकस्थल तथा मठमन्दिरहरु खुल्यो

**नयाँ दिल्ली, जेठ २६।** गएको करिब साढे दुई महिनासम्म बन्द रहेका भारतको दिल्ली राज्यका धार्मिकस्थलहरुका साथै मठमन्दिरहरु सोमबारदेखि खुलेका छन् ।

भारत सरकारले सोमवारदेखि मन्दिरहरु खुल्ने भनी जानकारी दिएको छ । सोहीअनुसार भारतीय राजधानी नयाँ दिल्लीका साथै दिल्ली राज्यका मन्दिरहरु सोमबारदेखि खुला गरिएको बताइएको छ ।

नयाँ दिल्लीबाट प्राप्त समाचारमा त्यहाँको जामा मस्जिदलगायत अरु धेरै धार्मिकस्थलहरुका साथै साइबाबा मन्दिर र गुरुद्वारा पनि खुला गरिएको बताइएको छ । तर सोमबार बिहानै भने यहाँको जामा मस्जिदमा धेरै भक्तजनहरुको उपस्थिति भने नदेखिएको पनि सो समाचारमा जनाइएको छ ।

नयाँ दिल्लीका यी धेरैजसो मन्दिरहरु आज खुलेको भएपनि त्यहाँ कमै मात्रामा दर्शनार्थीहरु जम्मा भएका थिए । तर त्यहाँ पुगेकाहरुले भने आफूहरुले लामो समयपछि मन्दिर पुगेर पाठपूजा गर्न पाउँदा निकै खुसी भएको बताएका थिए ।

ती मन्दिर तथा तीर्थस्थलहरुमा पुगेका नागरिकहरुलाई स्यानिटाइजर तथा दिनुका साथै आवश्यक स्वास्थ्य मापदण्डहरु अपनाउन भनिएको थियो । उनीहरुलाई आवश्यक स्वास्थ्य मापदण्डहरु पूरा गरेर मात्र मन्दिरभित्र प्रवेश गराइएको थियो ।

# खानेपानी आयोजनाको काम प्रभावित

**खोटाङ, जेठ २६ ।** विश्वभर फैलिएको कोरोना भाइरसको सङ्क्रमण नियन्त्रण गर्न सरकारले लागू गरेको बन्दाबन्दीले खोटाङको हलेसीमा सञ्चालित बृहत् पम्पिङ खानेपानी आयोजनाको काम प्रभावित भएको छ । दूधकोशीको पानी लिफ्टिङ प्रविधिबाट गाउँमा निकालेर घरघरमा वितरण गर्ने गरी तीन वर्षअघिदेखि शुरु गरिएको रु. ९६ करोडको बृहत् पम्पिङ खानेपानी आयोजनाको काम प्रभावित भएको हो ।

दूधकोशीको पानीलाई हलेसी तुवाचुङ नगरपालिका-२ डिकुवाको भुम्जुडाँडा र सोही नगरपालिकाको वडा नम्बर-७ महादेवस्थानस्थित काभ्रेडाँडामा निकालेर वितरण गर्ने गरी खानेपानी आयोजनाको काम थालिएको थियो । दूधकोशीबाट पानी लिफ्ट गरेर हलेसी तुवाचुङ नगरपालिकाका १ देखि ७ वडाका कम्तीमा तीन हजार ७५६ घरधुरीलाई वितरण गर्ने उद्देश्यले खानेपानी आयोजनाको काम शुरु गरिएको हो ।

त्रिधार्मिकस्थल हलेसीमा सञ्चालित खानेपानी आयोजनामा हाल पाइपलाइन विस्तार, ट्याङ्कीको फाउण्डेसन निर्माण, टच्याङ्कीसम्म पुग्ने सडक निर्माण तथा मर्मतलगायत बाहेक अन्य काम भएको छैन । ठेकेदार कम्पनीको ढिलासुस्तीका साथै कोरोना भाइरसको सङ्क्रमण नियन्त्रण गर्न सरकारले लागू गरेको बन्दाबन्दी थपिँदा आयोजनाको काम महिनौं पछाडि धकेलिने भएपछि उपभोक्ता निराश बनेका छन् ।

बन्दाबन्दीका कारण बारा र पर्साबाट सिमेन्ट, डण्डीलगायतका निर्माण सामग्री ल्याउन समस्या भएकाले खानेपानी आयोजनाको काम प्रभावित भएको सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना प्रमुख हीराकाजी महर्जनले बताए । बन्दाबन्दीका कारण घर गएका दक्ष जनशक्ति पनि ल्याउन सकिएको छैन- उनले भने- जुन रफ्तारमा काम गर्न खोजेका थियौं, त्यो गतिमा काम गर्न सकिएको छैन ।

आयोजनाको काममा ढिलासुस्ती गरिरहेका ठेकेदारले ढिलासुस्तीको कारण बन्दाबन्दीलाई देखाउने निहुँ पाएको नगरप्रमुखर इवन राईले बताए । खानेपानी आयोजनाको मुख्य संरचनाको काम नै रोकिएको छ- उनले भने- बन्दाबन्दी अगाडि आयोजनाको काममा जुन गति थियो, अहिले त्यो अवस्था पनि छैन । ढिलासुस्ती गर्ने ठेकेदारले बन्दाबन्दीको निहुँ पाएको छ । डिकुवाको भुम्जुडाँडा र महादेवस्थानको काभ्रेडाँडामा पम्पिङ गरेर पानी निकाल्नेगरी मुख्य लाइन निर्माणको जिम्मा दिवा-महादेव खिम्ती जेभीले लिएको छ । विसं २०७६ पुस १७ गतेसम्ममा काम पूरा गर्ने गरी सो निर्माण कम्पनीले २०७४ साल असार २१ गते कामको सम्झौता गरेको थियो ।

यस्तै भुम्जुडाँडा र काभ्रेडाँडामा निकालिएको पानीलाई टच्याङ्कीमा जम्मा गरेर गाउँगाउँमा पुऱ्याउने वितरण लाइनतर्फको जिम्मा लामा कन्स्ट्रक्सन प्रालि र रमन सगरमाथा-सगरमाथा घिमिरे जेभीले लिएको छ । काभ्रेडाँडामा निकालिएको पानीलाई विसं २०७७ असार ३० गतेसम्ममा वितरण गरिसक्ने गरी २०७५ साल असार ३१ गते सम्झौता गरेको निर्माण उपभोक्ता समितिका सचिव हस्तबहादुर राईले बताए ।

सुक्खाग्रस्त क्षेत्रमा पर्ने हलेसीमा सञ्चालित खानेपानी आयोजनाको काममा भएको समस्याका बारेमा विभागलाई समेत पत्राचार गरेर जानकारी दिइएको सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनाको कार्यालय दिक्तेलले जनाएको छ । जिल्लाको दक्षिणी क्षेत्रमा पर्ने हलेसी तुवाचुङ नगरपालिकाका ११ वटै वडाका स्थानीय बासिन्दाले लामो समयदेखि खानेपानीको समस्या भोग्दै आएका छन् ।

वर्षात्को समयमा घरको छानामा पाइप जडान गरेर जम्मा भएको पानी उपभोग गर्ने हलेसी क्षेत्रका स्थानीय बासिन्दा हिउँदको समयमा घण्टौं लगाएर दूधकोशीबाट बोकेर ल्याएको पानी उपभोग गर्छन् । कतिपय स्थानीय बासिन्दाले ट्याङ्करमा ड्रममा भरेर दूधकोशीकै पानी ल्याएर उपभोग गर्ने गरेका छन् ।

## ज्यान मार्ने उद्योग तथा कर्तव्य ज्यान मुद्दाका फरार व्यक्ति पक्राउ

**रौतहट, जेठ २६।** ज्यान मार्ने उद्योग तथा कर्तव्य ज्यान मुद्दाका फरार व्यक्ति सिम्रौनगढ नगरपालिका-४ हरिहरपुर बस्ने ६५ वर्षीय मुक्ति साहलाई प्रहरीले पक्राउ गरेको छ ।

प्रतिवादी मोहम्मद अफताब आलम समेत भएको विष्फोटक पदार्थ, बम समेत प्रयोग गरी ज्यान मार्ने उद्योग तथा कर्तव्य ज्यान मुद्दामा वारदात पश्चात फरार रहेका साहलाई उनकै गाउँमा लुकिछिपि बसेको अवस्थामा फेला पारी प्रहरीले पक्राउ गरेको हो ।

## आफ्नै श्रीमानको हत्या गरेको अभियोगमा पक्राउ

**सल्यान, जेठ २६।** आफ्नै श्रीमानको हत्या गरेको अभियोगमा त्रिवेणी गाउँपालिका-६ भुम्के जिउला बस्ने ३६ वर्षीया लिला घर्तिलाई प्रहरीले पक्राउ गरेको छ ।

लिलाले सामान्य विवादका कारण आफ्नै घरमा राखेको बसिलाले टाउकोमा प्रहार गर्दा गम्भीर घाइते भएका उनका श्रीमान् ३८ वर्षीय डिल्ली बहादुर घर्तीको जिल्ला अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो । घटनाको खबर प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय लुहामबाट खटिएको प्रहरीले लिलालाई पक्राउ गरेको हो ।

# राजवंशीको भाडा नलिने घोषणा

**चारपाने, जेठ २६।** कोरोना भाइरस (कोभिड-१९) रोकथाम नियन्त्रणको लागि सरकारले लकडाउन गरेको ७६ दिन भइसकेको छ।

यस अबधिमा देशकै सबै क्षेत्रको व्यापार व्यवसाय ठप्प बनेको छ। सरकारले ४२ क्षेत्रका उद्योग व्यवसाय खोल्ने अनुमति दुई हप्ता अघि दिएको छ। तर, ति व्यवसाय पनि पुरानो अवस्थामा सञ्चालन हुन सकेको छैन। त्यसमाथि लत्ताकपडा, जुत्ता चप्पल, शैलुन मिठाई, फोटो स्टुडियो लगाए कयौं व्यवसाय धरासायी नै भएका छन्।

यो संक्रमणको बेला पहिला बाँच्नु नै महत्वपूर्ण कुरा हो भनेर यतिका दिनसम्म व्यापारीले चित्त बुझाउँदै पनि आए, तर बिस्तारै सरकारले लकडाउन खुल्ला गर्दै गएको अवस्था छ तर भाइरस त्रासका कारण उपभोक्ताहरु आउन सक्ने अवस्था छैन। अझ झापाको हकमा त झन जोखिम छ, सयको संख्याबाट उकालो लाग्दैछ।



उता बैंक, साहुको ऋणका कारण मानसिक तनावमा पर्न थालेका छन् साना मझौला व्यवसायीहरु। यस्तै अवस्थाबाट गुज्रिदै आएका झापा बिर्तामोड-चारपानेको एक मार्केटमा रहेको १७ वटा सटर किरना देखि व्यूटीपार्लरसम्मका व्यवसायीलाई मार्केटका सञ्चालक दम्पत्ति नारायण राजवंशी र फुलनदेवी राजवंशीले एक महिनाको भाँडा नलिने घोषणा गरेका छन्। घरधनी राजवंशीले आइतबार उक्त घोषणा गरेका हुन्।

उनले सटरको मात्र हैन घरको फ्लाटमा बस्नेहरु संग पनि भाँडा नदिने बताएका छन्। सरकारले घर धनीहरुलाई कम्तीमा एक महिनाको भाँडा नलिन गरेको आग्रह अनुसार र आफ्नो सामाजिक उत्तरदायित्व ठान्दै भाँडा मिनाह गरेको राजवंशीले बताए।

राजवंशी झापा चारपानेका एक पुराना समाजसेवी हुन उनले धेरै क्षेत्रमा दान गरेका छन्। स्कुल, क्याम्पस, धार्मिकस्थल लगायत विभिन्न संघ-संस्थालाई आर्थिक सहयोग गर्दै आएका छन्। उनी र उनको परिवार अचल सम्पत्तिको हिसावले सम्पन्न भए पनि दैनिक आयश्रोतको मध्ययम भने घर भाँडा मात्र रहेको फुलन राजवंशीले बताइन्।

राजवंशी दम्पत्तिले गरेको यो घोषणा अहिलेको समयमा अत्यन्तै स्वागत योग्ज्ञ रहेको छ। अरुले पनि राजवंशी दम्पत्तिबाट सिक्नसके मौकामा हिरा फोर्नु वेमौकामा कौडी नछोड्नु भन्ने भनाइ धार्मिक ग्रन्थ अनुसार विश्वका धनी कुवेरको सोचसँग मिल्न जान्छ।

# विपन्नलाई चाहनाको सहयोग





**बिर्तामोड, जेठ २६।** सामाजिक कार्यमा अग्रणी बिर्तामोडको नयाँ चाहना समूहले आइतबार बिर्तामोड र अर्जुनधारा नगरपालिकाका विपन्न परिवारलाई खाद्यान्न र स्वास्थ्य सामग्री वितरण गरेको छ।

बिर्तामोड-५स्थित देवी माध्यमिक विद्यालयमा २०० विपन्न परिवारलाई चामल, दाल, नुन, तेल, आलु, प्याज, टमटर, साबुन, मास्क, सेनिटाइजरलगायत सामग्री वितरण गरिएको समूहका सचिव मदन राईले जानकारी दिए।

समुहका संयोजक रोजित गुरूङका अनुसार लक डाउन लम्बिँदै जाँदा दैनिक ज्यालादारीमा निर्भर मजदुर भोकै हुने अवस्था आएकाले राहत वितरण गरिएको हो। समूहले वैदेशिक रोजगारमा रहेका साथी तथा स्थानीय समाजसेवीबाट सहयोग जुटाएर राहत वितरण गरेको सचिव राईले बताए।

सदस्य सुरज शेर्पाका अनुसार बिर्तामोडमा व्यापार महोत्सव, मृगौला पीडितका लागि आर्थिक संकलन अभियान, रक्तदान कार्यक्रम, खेलकुद, सरसफाइ अभियान लगायत सामाजिक कार्यमा समूह सक्रिय रहँदै आएको छ।

समूहले भूकम्प पीडित काठमाडौंको बालगृहका २७ जना अलपत्र बालबालिकालाई झापामै करिब तीन महिनासम्म आवासको व्यवस्था गरेको थियो। २०६२ मा स्थापित समूहले स्थापनाकालदेखि सामाजिक गतिविधि गर्दै आएको छ।

राहत वितरण कार्यक्रममा बिर्तामोड वडा-५ का वडाध्यक्ष राजेन्द्रप्रसाद लिङ्देन, वडा सदस्य डिआर कडरिया, वडासदस्य लक्ष्मी बास्कोटा, समाजसेवी गोपी गिरी लगायतको उपस्थितिमा रहेको थियो।

# पशुपतिका पूर्वविद्यार्थीले बाह्रदशीलाई दिए मास्क



बिर्तामोड, जेठ २६। झापा राजगढको पशुपति मावि पूर्वविद्यार्थी समाजले बाह्रदशी गाउँपालिकालाई एन ९५ मास्क प्रदान गरेको छ।

शनिबार एक कार्यक्रमका बीच समाजका पदाधिकारी तथा सदस्यले गाउँपालिका अध्यक्ष खड्ग राजवंशी र उपाध्यक्ष रत्ना राजवंशीलाई १५० थान मास्क प्रदान गरेका हुन्। समाजका मध्यपूर्व संयोजक नविन पोखरेलको नेतृत्वमा मास्क दिइएको हो।

कार्यक्रममा समाजका संरक्षक गंगा अधिकारी, संयोजक सीताराम बराल, विद्यालयका प्रधानाध्यापक कुमार दाहाल, पूर्वविद्यार्थीहरु भगिरथ पोद्दार, समता कार्कीलगायतको उपस्थिति थियो।

समाजले यसअघि पशुपति माविको भौतिक पूर्वाधार तथा शैक्षिक विकासमा सहयोग गर्दै आएको छ। त्यस्तै, खेलकुदका सामग्री र कक्षा कोठा सुधारमा सहयोग गरिसकेको छ। समाज गठनअघि मध्यपूर्व संयोजक पोखरेलले चार थान कम्प्युटर र एक थान प्रिन्टर प्रदान गरेका थिए।

# ८१ जनाले गरे रक्तदान

**दुहागढी, जेठ २६।** लकडाउनका कारण रक्त सञ्चार केन्द्रमा रगत अभाव भइरहेको समयमा झापाको दुहागढीमा रक्तदान कार्यक्रम सम्पन्न भएको छ।

नेपाल रेडक्रस सोसाइटी दुहागढी उपशाखा र युवा रेडक्रस सर्कलको संयूक्त आयोजना तथा दुहागढी युवा समूहको सहआयोजनामा कार्यक्रम सम्पन्न भएको हो। नेपाल रेडक्रस सोसाइटी झापा शाखाको प्राविधिक सहयोगमा वडा कार्यलयमा सम्पन्न कार्यक्रममा ५ महिला सहित ८१ जनाले रक्तदान गरेका थिए। रक्तदान कार्यक्रमको सम्पूर्ण खर्च आफ्नो प्रथम वैबाहिक बर्ष गाँठको अवसरमा स्थानिय रुस्मा मैनाली काफ्ले र सुमित काफलेले उपशाखालाई सहयोग गरेका थिए।

नेपाल रेडक्रस सोसाइटी दुहागढी उपशाखाका सभापति गोपिराज मैनालीको सभापतित्व तथा रेडक्रस भापा शाखाका सभापति लोकराज ढकालको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा मेचीनगर-१४का वडा अध्यक्ष शंकरप्रसाद पोखरेल, कार्यपालिका सदस्य बिन्दा प्रसाई, उपशाखा सचिव कृष्णकुमारी सुबेदीले रक्तदानको महत्वका बारेमा प्रकास पारेका थिए।

# अनलाइनबाट सङ्क्रमित भर्ना

**विराटनगर, जेठ २६।** मोरङको सुन्दरहरैंचाको कोरोना उपचार केन्द्रमा अनलाइन प्रणालीबाट सङ्क्रमितको भर्ना गरिने भएको छ। प्रदेश नं. १ सरकारले सञ्चालनमा ल्याएको पूर्वाञ्चल विश्वविद्यालयको मेडिकल कलेजस्थित कोरोना उपचार केन्द्रमा सङ्क्रमितको भर्ना अनलाइन प्रणालीबाट गरिने सामाजिक विकासमन्त्री जीवन घिमिरेले जानकारी दिए।

सङ्क्रमित अस्पतालमा आएर भर्ना हुन समय लाग्ने भएकाले अनलाइनबाट बेड 'बुक' गर्नसक्ने प्रबन्ध गरिएको मन्त्री घिमिरेले बताए। उनका अनुसार सङ्क्रमितले बेड बुक गरेपछि बेड नं र सङ्क्रमितको 'लोकेसन'का आधारमा भर्ना गरिने व्यवस्था गरिएको छ भने सङ्क्रमण देखिएको स्थानबाट एम्बुलेन्सले अस्पताल ल्याएर छाड्ने र सोझै बेडमा पुग्ने व्यवस्था मिलाइएको छ।

अनलाइन भर्नाका लागि नेपाली सेना, पूर्वाञ्चल विश्वविद्यालय मेडिकल टिम र सामाजिक विकास मन्त्रालयबाट व्यस्थापन टिम तयार गरिएको छ। कोरोना उपचार केन्द्रको बाहिरी व्यवस्थापनको जिम्मेवारी नेपाली सेनालाई दिइएको छ।

मन्त्री घिमिरेले आइतबार पूर्वाञ्चल विश्वविद्यालय मेडिकल सङ्कायका डिन डा. शैलेश पोखरेल, नर्सिङ क्याम्पस प्रमुख कविता अधिकारी, नेपाली सेना र अस्पताल प्रशासन प्रमुखसँग छलफल गरेका थिए।

झाका, भूल, दया, क्षमा र ममता सन्तोष जान्दैन त्यो
इन्द्रै बिन्ती गरुन् झुकेर पदमा त्यो बिन्ती मान्दैन त्यो
थुप्रोमा उधिनी मिठो र नमिठो छुट्टाइ छान्दैन त्यो
आयो टप्प टिप्यो, लग्यो, मिती पुग्यो, टारेर टर्दैन त्यो

# हार्दिक समवेदना

यस पूर्वाञ्चल दैनिकका अत्यन्त सहयोगी शुभचिन्तक, सामाजिक अभियन्ता एवम् सहारा नेपाल साकोस र सहारा नेपालका प्रमुख कार्यकारी निर्देशक/सचिव महेन्द्रकुमार गिरी तथा राजु/निर्मला र मिना गिरीका पुजनीय, प्रातः स्मरणीय पिता झापा बिर्तामोड-२ चारपाने निवासी **बमबहादुर गिरी**को ८९ वर्षको उमेरमा भएको निधनले हामीलाई स्तब्ध र मर्माहत बनाएको छ।

सरल, मृदुभाषी र अनुकरणीय व्यक्तित्वकारुपमा परिचित बुबा बमबहादुर अब हामीबीच रहनु भएन। उहाँको अभिभावकत्वबाट हामी सबै बञ्चित हुन पुग्यौं। जन्म र मृत्युबीचको जिजिविसा जीवन भएको र जन्मपछि मृत्यु स्वभाविक रहेको सत्य भएपनि मायाको डोरोले उनिएको मानव जीवनका सान्निध्यमा घटेका घटना अनि पाउनु र गुमाउनुको अर्थले हामीलाई विचलित र मर्माहत बनाउँदो रहेछ।

बास्तवमा जन्मपछि मृत्यु यथार्थ भएपनि संसारिकतामा जन्म र कर्म दिएर सुयोग्य सन्तानका रुपमा आफ्ना सन्ततीलाई स्थापित गर्न बुबाले खाइ नखाई कति दुःख कष्ट व्यहोर्नु भयो होला। सम्पूर्ण रुपमा अनुभव गर्न हामीलाई गाह्रो हुन्छ। व्यक्तिगत आवश्यकतालाई विर्सेर प्रत्येक अप्ठ्याराहरुमा आफूलाई जोखिममा पुऱ्याइ आफ्ना सन्ततीको जीवन रक्षाको लागि बली चढ्न पनि किञ्चित दुःख नमान्ने आफ्नो अभिभावकको गोलोकगमन विर्सन सक्ने चोट होइन। तर मानव जीवन धारण गरेपछि निश्चित समयावधिको लीला समाप्त गरी परमधाम गमन गर्नु हरेक मानवको वास्तविकता भएपनि माया, ममता र वात्सल्यताको छाहारी रही सबै सन्ततीलाई देशको सुयोग्य नागरिक निर्माण गर्ने पिताको निधन एक अपुरणीय क्षति हो। नियतिको खेलले निम्त्याएको यस गम्भीर र दुःखद्पूर्ण अवस्थामा हामी स्व. बमबहादुर गिरीको आत्माको चीर शान्तिको कामनासहित भावपूर्ण श्रदाञ्जलि अर्पण गर्दछौं।

आफ्ना संरक्षकको देहावसानले उत्पन्न रिक्तता कुनै सद्भावले पूर्ण गर्न सक्दैन न त चिरवियोगको पीडा नै कम हुन्छ। तथापि तपाईं र तपाईंका परिवारजनलाई यो रिक्तता र क्षति कम गर्ने साहस, क्षमता र धीरता प्राप्त होस् कामना गर्दछौं। परिवारका अभिभावक, आफ्ना प्रातः स्मरणीय पिता वियोगको दुःखको क्षणमा रहनुभएका छोराबुहारीहरु महेन्द्रकुमार-ज्योति गिरी र राजु-मिनादेवी गिरी, छोरीज्वाइहरु निर्मला-लोकबहादुर भारती र मिना-ध्यानबहादुर भारती, नाति-नातिनी लगायत शोकाकुल परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं।



**स्व. बमबहादुर गिरी**
जन्मः वि.सं. १९८८ माघ ७
दिङ्ला, भोजपुर, टुङ्गेछा
निधन : २०७७ जेठ २४
बिर्तामोड-२ चारपाने, झापा

| चन्द्रकान्त ढकाल | एकराज गिरी | भरतलाल गिरी | टोरुप प्रसाई |
|---|---|---|---|
| व्यवस्थापक | प्रधान सम्पादक | प्रकाशक | अध्यक्ष |

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

**पूर्वाञ्चल दैनिक परिवार,** बिर्तामोड-१, झापा


**पत्रिका समयमा पाउनु भएको छैन ?**

मो. ९८०७९१०२२२
पत्रिकाको ग्राहक शुल्क भुक्तानी गर्नलाई निम्न नं. मा सम्पर्क गर्नुहोस्।

**सेफ्टी ट्याङ्की तथा ढल सफाई**

अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।
'चट्ट फोट झट्ट सेवा'



सम्पर्कः ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००,
९८०७९३०७४०, ९८१७९२९३९४

# वर्गीकृत विज्ञापन

**सुवर्ण अवसर**

नेपाल जब्स केयर सर्भिस प्रालिले होटल सम्बन्धी वेटर, कुक, हाउस किपिङका तालिम धमाधम भइरहेको छ। तालिम पछि रोजगारको ग्यारेन्टी गराइन्छ।

**नेपाल जब्स केयर सर्भिस प्रा.लि.**
बिर्तामोड : ०२३-५४६६८३/९८२६९२०००१
इलामः ०२७-५२०१४०/९८२६९२०००२

**हिजोको सूनचाँदीको भाऊ**

छापावाला सुन : ७७,०००।-
तेजावी सुन : ७६,७००।-
असल चाँदी : ७२५।-

**साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस्।




सम्पर्कः ९८२४९८११७४, ९८४४६४७०६७
९८०६०८३८७६, ९८६२६४८२८२

**आवश्यकता**

सेक्युरिटी गार्डः- ४० जना *(महिला/पुरुष)*
*यहाँ निःशुल्क सेक्युरिटी ट्रेनिङ गराइन्छ।*
**सेभेन स्टार सेक्यरिटी सर्भिस प्रा.लि.** बिर्तामोड भद्रपुररोड
फोनः ०२३-५४३००३/५४६६१४, ९८०१४१६८४०, ९८०१४१६८४१, ९८५२६७३९५५

**कोरियन भाषामा विशेष छुट**

दक्ष शिक्षकद्वारा सस्तो दरमा ग्यारेन्टिका साथ पठनपाठन धमाधम भइरहेको छ। साथै Trail Exam हरु पनि सञ्चालन गराइँदैछ। चाडै सम्पर्क गर्नुहोला।
**Divine Int'l Acadamy (Dia)**
Birtamode 023-543821, 9823714550
अन्धुवा खोला छेउ अतिथि सदन जाने बाटोको छेउमा।

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।
**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

**डाक्टर आउने बारेको सूचना**

**डा. पवन पराजुली** NMC No. 7465
MBBS (BKPKHIS) Dharan
MD फिजिसियन (PGI, Chandigarh) India
DM, Gastroenterology (ION, TUTU) KTM
ग्यास्ट्रो एण्ड हेपाटोलोजी पेट, आन्द्रा, कलेजो, प्याङ्क्रियाज रोग विशेषज्ञ
महिनाको दोस्रो र चौथो शनिवार (दिनको १२ बजेदेखि)
**कान्तिपुर मेडिसिन एण्ड प्रधान डाइगोनोष्टिक सेन्टर**
बिर्तामोड अन्धुवा खोला छेऊ (०२३-५४२८४५)

**अर्जुनधारा यातायात प्रा. लि.द्वारा सञ्चालित झापाको बिर्तामोडदेखि पाँचथरको रविसम्मको दैनिक आरामदायी यात्राको लागि हामीलाई सम्झनुहोस्।**

दानावारी, महमाई, लारुम्वा, रविसम्म गाडी छुट्ने समयः
बिहान : ७:३० , ८ :३० , ९ :१५ , १० :१५ , ११ :१५ , १२ :१५,
बेलुका : ०२:१५ दानाबारीसम्म। ०२:४५ सानो वर्दुसम्म।
बिर्तामोडबाट रविसम्म जाने गाडी नम्बरहरु :
मे१ज ५६४, मे१ज १७९९, मे१ज ५४६, मे१ज ६२५, मे१ज ३०७, मे१ज ४१७
काउण्टर इञ्चार्ज सम्पर्क नम्बरहरु :
बिर्तामोडबाट दानावारी : ९८४२६२३१५२ सीताराम आचार्य (काका)
बिर्तामोडबाट रवि : ९८१५९९०९४४ वीरेन्द्र राई




ज्यो. मधुसूदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** चुनौतिपूर्ण कामको जिम्मेवारी आए पनि बुद्धि-विवेकले काम सम्पादन गर्न सकिनेछ। दिगो काममा जग बसाउने मौका छ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** अप्ठ्यारा परिस्थिति देखिए पनि समस्या दर्साउँदा सहयोगीहरूको साथ प्राप्त हुनेछ। दिउँसोदेखि अध्यात्म र परोपकारमा मन जानेछ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** आत्मविश्वास र लगनशीलताले बिस्तारै लक्ष्यमा पुऱ्याउनेछ। काम पूर्ण नभए पनि प्रयत्न गर्दा आंशिक लाभ अवश्यै हुनेछ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** काममा चुनौती देखिए पनि व्यापार(व्यवसायमा लाभ हुनेछ। प्रेम वा मित्रताको बन्धन कसिलो हुनेछ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** व्यावसाय विस्तारका लागि यात्रा गर्ने अवसर प्राप्त हुनेछ। दिउँसोदेखि सानातिना समस्यामा अलमलिनुपर्ने हुन सक्छ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** स्वास्थ्य कमजोर रहनाले चिताएको काम पूर्ण नहुन सक्छ। तापनि प्रयत्न गर्दा आंशिक लाभ अवश्यै हुनेछ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** केही प्रतिस्पर्धा गर्नुपरे पनि स्रोतसाधन जुट्नाले दिगो काम प्रारम्भ हुनेछ। तापनि रमाइलो क्षणमा मन ढुक्क भने नहुन सक्छ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** वादविवादबाट सजग रहनुहोला। दिउँसोदेखि कामको चापबाट फुर्सद पाइनेछ। कमजोर नतिजा सच्याउन प्रयत्न दोहोर्याउनुपर्ला।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** यात्रा गर्ने अवसर जुट्नुका साथै अतिथिका रूपमा सम्मान पाइनेछ। दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** पहिलेको सफलताले हौसला प्रदान गर्नेछ। भविष्यका लागि विशेष काममा जग बसाउने मौका छ। मिहिनेत गर्दा चुनौती पन्छाउन सफल भइनेछ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** दिउँसोदेखि परिस्थितिको चक्रमा अलमलिनुपर्दा कार्यसम्पादनमा समय लाग्नेछ। अरूका विषयमा चासो लिँदा आफ्नो काम बिग्रन सक्छ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** प्रतिस्पर्धीले आफ्नो ठाउँ लिने चेष्टा गर्नेछन्। तापनि भौतिक साधन जुटाउन सकिनेछ। बुद्धिको उपयोगले अधिकार र प्रतिष्ठा जोगाउन सफल भइनेछ।